# AGREEMENT FOR RESPONSIBLE USE OF ALBEMARLE COUNTY PUBLIC SCHOOLS' STUDENT-ASSIGNED LAPTOPS

# अलबेमार्ले काउन्टी पब्लिक स्कूलका **विद्यार्थीहरूलाई दिइएको ल्यापटप कम्प्यूटर** जिम्मेवारीपूर्वक प्रयोग गर्नेबारे संझौता

**STUDENTS ASSIGNED LAPTOPS BY ALBEMARLE COUNTY PUBLIC SCHOOLS AGREE TO:**

अलबेमार्ले काउन्टी पब्लिक स्कूलले उपलब्ध गराएको कम्प्यूटर प्रयोग गर्ने विद्यार्थीबाट यो मन्जुर गरिएको किः

1. Use the assigned laptop and assigned accounts for email and document collaboration/storage, for educational purposes.

१. उपलब्ध गराइएको ल्यापटप कम्प्यूटर तथा इमेल र समूहमा मिलेर काम गर्न वा भविष्यका लागि डकूमेण्टस् संकलन गर्न भनी उपलब्ध गराइएको एकाउण्ट शैक्षिक उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ।

2. Ensure the safety and security of the laptop, which requires care when storing and transporting the laptop, and when installing any software or attaching peripheral devices. Students may not alter computer hardware. Safeguard all student technology by:

२. ल्यापटप कम्प्यूटर कहिँ राख्दा वा एक स्थानबाट अर्को स्थानमा लैजाँदा र कुनै सफ्टवयेर राख्दा वा अरू उपकरणहरू यसमा जोड्दा ल्यापटपको सुरक्षा सुनिश्चित गरिनेछ। विद्यार्थीले कम्प्यूटरको कुनै हार्डवयेर परिवर्तन वा थप गर्नेछैनन्। विद्यार्थी र प्रविधिको सुरक्षाको लागि निम्न कुराहरू गरिनेछन्;

   a. Avoiding the downloading or installation of viruses;
      कुनैपनि भाइरसजन्य फाइलहरू डाउनलोड वा इन्स्टाल गरिनेछैन;
   b. Respecting the files, folders or programs of our School Division and other students;
      हाम्रो विद्यालय तथा अरू विद्यार्थीहरूको फाइल, फोल्डर तथा कार्यक्रमहरूलाई आदर गरिनेछ ;
   c. Respecting all of our technology, hardware, software, and network, and not causing intentional harm.
      हाम्रो प्रविधि, हार्डवयेर, सफ्टवयेर तथा नेटवर्क वा संजाललाई आदर गरिनेछ र जानीजानी कुनै नोक्सान पुऱ्याईने छैन।

3. Ensure the laptop is protected from viruses, malware, and other potentially harmful technology by ensuring all system software is up-to-date and by following all on-line safety precautions as suggested in school.

३. ल्यापटप कम्प्यूटर भाइरसहरू, मलवयेर र अरू संभावित जोखिमपूर्ण प्रविधिबाट सुरक्षित छ भन्ने निश्चित गर्न सबै सिस्टम सफ्टवयेरहरू अध्यावधि गरिनेछ र विद्यालयले दिएका होशियारी र सुरक्षा सम्बन्धी सुझावको परिपालना गरिएको छ भन्ने निश्चित गर्ने।

4. Ensure that downloaded software and apps, or changes in configuration, do not compromise the functionality of the laptop.

४. डाउनलोड गरेका कुनै सफ्टवयेर वा एप्स् र कन्फिगरेशनमा गरिएका परिवर्तनले कम्प्यूटर प्रयोगका कुनै समश्या आउनेछैन भनी सुनिश्चित गर्ने।

5. Adhere to the following guidelines, in addition to the requirements of School Board Policies IIBE (Acceptable/Responsible Use of Technology) and JFC (Student Conduct), when accessing internet sites and whenever using the laptop, regardless of time or location:

५. जुनसुकै समय र स्थानमा रहँदा पनि ल्यापटपको प्रयोग गर्दा निम्न निर्देशिका लगायत विद्यालय संचालक समितिले बनाएको निति-आईआईबिइ (स्वीकारयोग्य तथा जवाफदेहीपूर्ण प्रविधिको प्रयोग) र जेएफसि (विद्यार्थी आचरण) को परिपालना गरिनेछ ।

a. Only visit sites that are appropriate and relevant to educational uses of the laptop;
   ल्यापटपको प्रयोग गर्दा शैक्षिक उद्देश्यका लागि सान्दर्भिक र उपयुक्त साइटहरूमा मात्र जाने,
b. Avoid sites that contain obscene, libelous, disruptive, sexually explicit, profane, or other content which would be prohibited in the classroom; and
   नैतिकता तल झर्ने, झूटा, विध्वंसकारी, खुला यौन, अपवित्र र त्यस्तै अरू जसलाई कक्षाकोठामा निषेध गरिएको छ त्यस्ता साइटहरूबाट अलग रहने र
c. Avoid sites that require a fee for access (unless authorized by the school and teacher permission is granted).
   त्यस्ता साइटहरूबाट (विद्यालयले अनुमति दिएको वा शिक्षकले स्वीकृति दिएको अवस्थामा बाहेक) अलग रहनुपर्छ जसमा जान पैसा तिर्नुपर्छ ।

6. Adhere to the following guidelines when <u>downloading material</u> from the internet:
६. इन्टरनेटबाट सामग्रीहरू डाउनलोड गर्दा निम्न निर्देशिकाको परिपालना गर्नुपर्दछ:

a. Evaluate whether downloaded materials will be safe for your computer;
   के डाउनलोड गर्न खोजिएका सामग्री कम्प्यूटर विगार्ने खालका त छैनन्, जाँच्ने;
b. Store and access only materials that are legal and appropriate for access in school; and
   कानुनी रूपमा ठीक र विद्यालयमा प्रयोग गर्न मिल्ने सामग्रीहरू कम्प्यूटरमा राख्ने र प्रयोग गर्ने; र
c. Avoid violating copyright laws.
   कपीराईट कानून विपरितहुने कुरा नगर्ने

7. Use <u>e-mail</u> and other <u>communication tools</u> responsibly by:
७. <u>इमेल</u> र अरू <u>संचारका माध्यमहरू</u> जिम्मेवारीपूर्वक प्रयोग गर्ने:

a. Accessing personal e-mail, and other forms of electronic communication, during the school day for educational purposes only;
   विद्यालयको समयमा व्यक्तिगत इमेल र अरू विद्यूतिय संचारका माध्यमको प्रयोग शैक्षिक उद्देश्यका लागि मात्र गरिने छ ;
b. Respecting the privacy of others by not re-posting emails or content without a sender’s permission;
   अरूहरूको गोपनियताको कदरगर्दै इमेल वा अरू सामग्री पठाउने व्यक्तिको स्वीकृति नलिई अरूलाई नदिने;
c. Ignoring and refusing to re-send “chain letters” and the like;
   साङले पत्र जो फरक फरक व्यक्तिलाई पठाउने अनुरोध आईरहन्छ, त्यस्ता इमेलको व्यवास्ता गर्ने र अरूहरूलाई पठाउन इन्कार गर्ने;
d. Being a good digital citizen at all times, including reporting any suspicious or harmful behavior to a school administrator; and
   सबै समय असल नागरिकका रूपमा शंकास्पद तथा हानीकारक गतिविधिबारे विद्यालय व्यवस्थापनलाई जानकारी गराउने;
e. Using appropriate language and subject matter in all communications.
   सबै प्रकारका संचारका क्रममा सुहाउँदो भाषा र विषयवस्तुको प्रयोग गर्ने ।

8. Protect their own privacy and the privacy of other students by:
८. विद्यार्थीको आफ्नै तथा अरूहरूको गोप्यता कायम राख्नका लागि:

a. Keeping passwords secret;
   पासवर्ड गोप्य राख्ने;
b. Respecting the privacy of other students, teachers, and the school system's files; and
   अरू विद्यार्थीहरू, शिक्षकहरू तथा विद्यालय प्रणालीका फाइलहरूको गोप्यताको कदर गर्ने;
c. Identifying themselves and other students on the internet only by first name and last initial unless the teacher-approved activity requires full names.
   शिक्षकले दिएका कुनै क्रियाकलापमा पूरा नाम चाहिएको अवस्थामाबाहेक आफैं र अरू विद्यार्थीहरूलाई पहिलो नाम र अन्तिम नामको पहिलो अक्षरबाट मात्र पहिचान गराउने;
d. Home telephone numbers, addresses, and other personal information may not be released unless written parental permission is granted.
   अविभावकको लिखित स्वीकृतिबिना घरको फोन न., ठेगाना र अरू व्यक्तिगात जानकारीहरू सार्वजनिक नगर्ने;
e. Exercising caution regarding their signature files, user profiles, and other account related information they control.
   हस्ताक्षर, प्रयोगकर्ताको जानकारी तथा अरू आर्थिक कारोवारबारे जानकारीमा होशियारीपनको अभ्यास गर्ने ।

9. Use computer resources responsibly by:
९. कम्प्यूटर र यससँग सम्बन्धित अन्य श्रोत साधनको जिम्मेवारीपूर्वक प्रयोग गर्ने:

a. Self-limiting use of disk space – large downloaded files may compromise device performance;
   डिस्क स्पेस प्रयोगमा मितव्ययीता - ठूला फाइल डाउनलोड गरिएको अवस्थामा कम्प्यूटरको स्पीड घट्नसक्छ ;
b. Self-limiting use of Internet bandwidth – we are a learning community that shares our internet bandwidth;
   इन्टरनेट व्याण्डविथमा मितव्ययीता - हामी सिक्ने समूदाय हौं यसर्थ हामी हाम्रो इन्टरनेट व्याण्डविथ अरूहरूसँग बाँड्छौं;
c. Self-limiting use of printing paper – wasting paper costs funds which would otherwise support student technology, and damages our environment; and
   कागजहरू प्रिण्ट गर्ने कुरामा मितव्ययीता - खेर गएको कागजको लागत हुन्छ जसलाई बचाउन सके विद्यार्थीको प्रविधिमा प्रयोग गर्न सकिन्छ भने वातावरण विग्रनबाट जोगाउन सकिन्छ ।
d. Maintaining their own backups.
   व्याकअप राख्ने सम्बन्धमा
   i. Students have unlimited storage via their Google Drive
      विद्यार्थीहरुका लागि आफ्ना फाइलहरु राख्न गुगलमा असिमित ठाउँ छ
   ii. Students may purchase additional SD cards or use external storage devices as needed as long as all responsible precautions are taken.
      विद्यार्थीहरुले थप एस.डि. कार्ड किनेर वा आवश्यक होशियारी अपनाई अरु बाह्य हार्ड ड्राइभको प्रयोग गर्न सक्छन् ।

10. Accept the consequences of improper use of laptops under this Agreement or the standards of student conduct found in School Board Policy JFC, which may include the loss of computer privileges and disciplinary actions.

१०. यो संझौता अन्तरगत ल्यापटप कम्प्यूटरको गलत प्रयोग वा विद्यालयको संचालन समितिको नीति जेएफसि को स्तरअनुसार विद्यार्थी आचरण नभएमा कम्प्यूटर सुविधाबाट बंचित हुने तथा अनुशासनको कार्वाही हुनसक्छ भन्ने कुरा स्वीकार गर्ने ।

11. Accept financial responsibility and possible disciplinary action for losing, destroying, or otherwise failing to return the laptop and all accessories in its original condition at the end of the laptop assignment.

१२.ल्यापटप कम्प्यूटरको सुविधाको अन्त्यमा कम्प्यूटर तथा यससँग सम्बन्धित अरू सामग्री हराएर, टुटफूट भएर वा शुरूको अवस्थामा झैं बुझाउन नसके आर्थिक जिम्मेवारी तथा आनुशासनको कार्वाही स्वीकार गर्ने ।

**ACCIDENTAL DAMAGE FEE**

झूक्एिर वा कुनै कारणले विग्रेको अवस्थामा

1. First Incident: Free
   पहिलो पटकः सित्तैमा बनाइन्छ
2. Second Incident: $50.00
   दोश्रो पटकः ५० डलर
3. Third Incident: $150.00
   तेश्रो पटकः १५० डलर
4. Fourth Incident and above – Full repair costs up to the cost of full replacement $600.
   चौथो पटक वा सोभन्दा माथिः मर्मत गर्दा लाग्ने पूरो लागत वा नयाँ ल्यापटप दिँदा लाग्ने ६०० डलरसम्म

**INTENTIONAL OR NEGLIGENT DAMAGE OR LOSS**

जानीजानी वा लापर्वाहीका कारण विग्रनु वा हराउनु

The student/parent will be held responsible for paying the full replacement costs up to $600.00. Lost power cords cost $75 and must be replaced through the school.

जानीजानी वा लार्पवाहीका कारण ल्यापटप विग्रेको वा हराएको अवस्थामा सट्टाभर्नाको मूल्य वा ६०० डलरसम्म तिर्ने जिम्मा विद्यार्थी/अविभावकको हुनेछ । पावर कर्ड हराएको अवस्थामा ७५ डलर लाग्नेछ र विद्यालयबाटै लिन पर्नेछ ।

**STUDENT AND PARENT/LEGAL GUARDIAN SIGNATURES**

**विद्यार्थी वा अविभावक / कानुनी संरक्षकको हस्ताक्षर**

**I. To Be Completed by STUDENT:**

१. विद्यार्थीले भर्नुपर्ने:

I have read the Agreement for Responsible Use of Albemarle County Public Schools Student-assigned Laptop, and understand and agree to abide by its requirements in all respects. Should I violate any aspect of this agreement, I shall accept and be subject to all ramifications, including but not limited to the loss of access and other privileges and other disciplinary actions.

अलबेमार्ले काउन्टी पब्लिक स्कूलका **विद्यार्थीहरूलाई दिइएको ल्यापटप कम्प्यूटर** जिम्मेवारीपूर्वक प्रयोग गर्नेबारे संझौता मैले पढेको छु र बुझेको छु र सबै प्रकारले यसमा भनिएका कुरा पालन गर्न मंजुर गर्दछु । यदि मैले यो संझौताको कुनै कुरा पालन गरिनभने संचारसँगको पहुँच र सबै सुविधाबाट बन्चित हुनेछु र अझै अरू अनुशासनका कार्वाही स्वीकार गर्दछु ।

________________________________________

Student Name
विद्यार्थीको नाम:

______________________________________________________________________

Student Signature — Date
विद्यार्थीको हस्ताक्षर — मिति:

**II. To Be Completed by PARENTS/LEGAL GUARDIANS:**

२. अविभावक वा कानुनी संरक्षकले भर्नुपर्ने

I request that my child be issued the equipment described below (laptop) for school use outside of the classroom and school. I understand and agree that if the laptop is lost, stolen, confiscated by law enforcement, or damaged due to negligence, I will be held responsible for paying the full replacement costs up to $600.00 for its replacement as provided in School Board Policy ECAB. I understand and accept the fee schedule for accidental damage. Each case in which replacement is necessary will be reviewed individually.

मेरो छोरा / छोरीलाई विद्यालय र विद्यालय बाहिर पनि प्रयोग गर्नका लागि ल्यापटप कम्प्यूटर उपलब्ध गराईदिन म अनुरोध गर्दछ । यदि ल्यापटप हरायो, चोरियो, कुनै कुराले कानुनी कार्वाही भयो भने सो र लार्पवाहीका कारण टुटफूट भयो भने विद्यालय संचालन समितिको नीति (इसिएबी) अनुसार पूरा मूल्य ६०० डलरसम्म तिर्न म जिम्मेवार हुनुपर्छ भन्ने कुरा मैले बुझेको छु र यो स्वीकार गर्दछु ।

______________________________________________

Parent's/Legal Guardian's Name
अविभावक वा कानुनी संरक्षकको नाम:

Parent's/Legal Guardian's Signature — Date
अविभावक वा कानुनी संरक्षकको सही — मिति:

NOTE: Your signature on this acknowledgment is binding and establishes that you understand the terms and conditions of this agreement and their significance. Albemarle County School Board Policies IIBE, Acceptable Use of Technology; JFC, Student Conduct; and, ECAB, Vandalism, may be obtained at http://esb.k12albemarle.org.

नोट: तपाईले यहाँ सही गर्नुको अर्थ तपाईले यसमा लेखिएका सबै सर्तहरू बुझ्नु भएको छ, यसको महत्व थाहा पाउनुभएको छ र यसको अधिनमा रहन स्वीकार गर्नुभएको छ भन्ने बताउँछ। अलबेमार्ले काउन्टी पब्लिक स्कूलको संचालन समितिका नीति आइआइबिइ, प्रविधिको स्वीकार योग्य प्रयोग, जेएफसि, विद्यार्थी आचरण, इसिएबि, तोडफोड आदिबारेको जानकारी http://esb.k12albemarle.org यो साइटमा हेर्न सकिन्छ।

**III. To Be Completed by ACPS STAFF:**
३. अलबेमार्ले काउन्टी पब्लिक स्कूलका कर्मचारीले भर्नुपर्ने

Student Name: __________________________________________________________________
विद्यार्थीको नाम:

**Equipment Loaned**
विद्यार्थीलाई दिइएको इक्यूप्मेण्ट

Description:
विवरण:

Serial Number: __________________________________________________________________
सिरियल नम्बर:

Asset Tag Number: _______________________________________________________________
सम्पत्ति कार्ड नम्बर: